अनुसूची–१

दफा ६खण्ड (क) सँग सम्वन्धित

**प्रस्ताव आव्हान सम्बन्धि सूचना**

**प्रदेश सरकार**

**सुदूर पश्चिम प्रदेश**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

धनगढी

**प्रकाशित मिति २०७५/१२/२८ गते**

यस मन्त्रालयको आ.व. २०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि तोकिए बमोजिमका शर्तहरु पालना गरी साझेदारी गर्न लागि यस प्रदेशमा रहेका इच्छुक स्थानिय तह वा सहकारी संघ संस्था वा व्यवसायीक संघ संस्था वा उद्योग बाणिज्य संघ संस्था वा फर्म वा कम्पनी वा निजी उद्यमी वा व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र यस मन्त्रालयमा प्रस्ताव दर्ता गर्नु हुन आव्हान गरिन्छ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

थप जानकारीका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको फोन नं.०९१-२१६६२१मा सम्पर्क राख्नु हुन वा मन्त्रालयको वेभसाईड **molmac.p7.gov.np** बाट पशुपन्छी बजार प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।

**कार्यक्रम विवरण**

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | कुल अनुदान रकम रु. | कार्यक्रम लागू हुने जिल्लाहरु |
|---|---|---|---|---|
| १ | पशु वधशाला निर्माण सुधार | ३ | २००००००.० | सुदूरपश्चिम प्रदेश अन्तरगतका सबै जिल्लाहरु |

**प्रस्तावका साथ संलग्न हुनु पर्ने कागजातहरु :**

१) अनुसूची–२ बमोजिमको आवेदन

२) सम्बन्धित कार्यविधिमा तोकेको ढाँचामा तयार गरिएको अनुसूची–३ बमोजिमको संक्षिप्त व्यवसायीक कार्ययोजना।

३) कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रमाणित प्रतिलिपी ।

४) लिजमा लिएको जग्गाको हकमा कम्तिमा २० वर्षको करारनामा वा सम्झौता पत्र ।

५) प्रचलित कानून बमोजिम अधिकारिक निकायमा संस्था वा फर्म वा व्यावसाय दर्ता दर्ता नविकरण गरेको प्रमाणित प्रतिलिपि (स्थानिय तह बाहेक) ।

६) सहकारी संस्था वा व्यावसायीक संस्था वा फर्म वा कम्पनीको हकमा मूल्य अभिबृद्धी कर (VAT) वा स्थायी लेखा नम्बर(PAN) दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।

७) कार्य समितिको निर्णयको प्रतिलिपी ।

८) अघिलो आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता वा दाखिलाको प्रमाणित प्रतिलिपी

९) प्रस्तावकले कम्तिमा२५(पचिस) प्रतिशत लागत साझेदारी गर्ने अनुसूची–४ बमोजिमको प्रतिबद्धता पत्र ।

१०)प्रस्ताव अनुसारको डिजाइन र लागत अनुमान ।

११) कार्यान्वयन स्थलको फोटो ।

१२)वधशालाको हकमा Pre-Feasibility Study को प्रतिवेदन भएको ।

१३)स्थानिय तहको सिफारिस पत्र ।

१४)सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस पत्र ।

१५)नेपाली नागरिकताको प्रमण पत्रको प्रतिलिपी

सचिव
रविन्द्र बहादुर प्रधान